(संवत् २०८१ साल असार मसान्तसम्म भएका संशोधन मिलाइएको)

# लागू औषध (नियन्त्रण) ऐन, २०३३

| | | लालमोहर र प्रकाशन मिति |
|---|---|---|
| | | २०३३।६।१० |
| संशोधन गर्ने ऐन | | |
| १. | लागू औषध (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| २. | लागू औषध (नियन्त्रण) (दोस्रो संशोधन) ऐन, २०४४ | २०४४।६।९ |
| ३. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ४. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ | २०४९।१।८ |
| ५. | लागू औषध (नियन्त्रण) (तेस्रो संशोधन) ऐन, २०५० | २०५०।२।३२ |
| ६. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ | २०५५।१०।७ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ७. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[←] | २०६६।१०।७ |
| ८. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०३३ सालको ऐन नं. २४

2................

लागू औषधलाई नियन्त्रण गर्न बनेको ऐन

प्रस्तावनाः सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्नको लागि लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी समेतमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

← यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून तथा संसदीय मामिला मन्त्रालय

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "लागू औषध (नियन्त्रण) ऐन, २०३३" रहेको छ ।

(२) यस ऐनको विस्तार नेपाल [2].......... भर हुनेछ ।

(३)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. ऐनको बहिर्क्षेत्रीय प्रयोगः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशका विरुद्ध हुने गरी नेपाल [2]........ बाट वा नेपाल [2]......... भित्र कुनै लागू औषध निकासी वा पैठारी गरी विदेशमा बसी व्यापार गर्ने नेपाली नागरिक वा विदेशीलाई समेत यो ऐन लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम काम कारबाही गर्ने व्यक्तिलाई निजले सो काम कारबाही नेपाल [2]......... भित्र गरेको सरह मानी यस ऐन बमोजिम कारबाही र सजाय गरिनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "लागू औषध" भन्नाले

(१) गाँजा,

(२) औषधोपयोगी गाँजा,

(३) अफीम,

(४) तैयारी अफीम,

(५) औषधोपयोगी अफीम,

(६) कोकाको झार र पात, र

■(६क) अफीम तथा कोकाको सारतत्व, मिश्रण वा लवण समेत मिसाई तयार गरिने कुनै पदार्थ,

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

■ तेस्रो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(७) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्वीपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरु तथा अन्य पदार्थ समेत सम्झनु पर्छ ।

(ख) "गाँजा" भन्नाले निम्न लिखित पदार्थहरु सम्झनु पर्छः–

(१) भाँग र सिद्ध समेत गाँजा मूलको जुनसुकै बोटको पात र फूल,

(२) चरेस तथा गाँजाको बोटबाट प्राप्त गरिएको प्राकृतिक खोटो, लिस्सा र चोब,

(३) माथि उल्लेख गरिएको मध्ये कुनै पदार्थ भएको सार, निस्सार, निष्कर्ष, मिश्रण तथा पेय ।

(ग) "औषधोपयोगी गाँजा" भन्नाले गाँजाको निस्सार वा निष्कर्ष सम्झनु पर्छ ।

(घ) "अफीम" भन्नाले अफीमको फूलको जमेको रस सम्झनु पर्छ ।

(ङ) "तयारी अफीम" भन्नाले सेवन गर्नको लागि तयार गरिएको अफीम र धुम्रपान गरिसके पछिको अफीमको खार समेत सम्झनु पर्छ ।

(च) "औषधोपयोगी अफीम" भन्नाले औषधिको प्रयोजनको लागि कुनै विधि पुऱ्याई तयार गरिएको कुनै रुपको अफीम सम्झनु पर्छ ।

(छ) "कोकाको झार र पात" भन्नाले सिंगल कन्भेन्शन अन नार्कोटिक ड्रग्स, १९६१ मा परिभाषा गरिए बमोजिम एरिथ्रक्सिलोन मूलको जुनसुकै जातको झार पात सम्झनु पर्छ ।

(ज) "तयारी" भन्नाले एक वा एक भन्दा बढी लागू औषधको मात्राको रुपमा तयार गरिने ठोस वा तरल मिश्रण सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(झ) "उत्पादन" भन्नाले गाँजाको बोटबाट गाँजा, भाँग सिद्ध वा चरेस झिक्ने र कोकाको झारबाट पात झिक्ने काम सम्झनु पर्छ ।

(ञ) "निर्माण" भन्नाले उत्पादन गर्ने कार्य बाहेक लागू औषध निकाल्ने सबै किसिमको विधि सम्झनु पर्छ र यस शब्दले लागू औषध प्रशोधन गर्ने, एक लागू औषधलाई अर्को लागू औषधमा परिणत गर्ने वा औषधको निमित्त बाहेक लागू औषध तयार गर्ने विधि समेत जनाउँछ ।

■(ञ१) "कन्ट्रोल डेलिभरी (नियन्त्रित भुक्तानी प्रविधि)" भन्नाले कुनै व्यक्तिले नेपाल [2]......... बाट वा नेपाल [2]............ भई अन्य देशमा लागू औषध पठाएकोमा त्यस्तो लागू औषध जाने अन्तिम स्थान र लागू औषध प्राप्त गर्ने व्यक्ति पत्ता लगाउन औषध अनुसन्धान अधिकारीको प्रत्यक्ष निगरानीमा सो लागू औषध सोही अवस्थामा वा सो लागू औषधको सट्टामा त्यस्तै अन्य कुनै सामान त्यस्तो लागू औषधको प्याकेटभित्र राखी पठाउने प्रविधि सम्झनु पर्छ ।

■(ञ२) "अनुसन्धान अधिकारी" भन्नाले लागू औषध नियन्त्रणको अनुसन्धानको सिलसिलामा लागू औषध नियन्त्रण कानून कार्यान्वयन निकायका प्रमुखले तोकेको प्रहरी सहायक निरीक्षक वा खरिदार दर्जा सम्मको कर्मचारी सम्झनु पर्छ ।

■(ञ३) "चिकित्सा केन्द्र" भन्नाले लागू औषध दुर्व्यसनीको उपचार तथा पुनर्स्थापना गर्न नेपाल सरकारले स्वीकृति दिएको चिकित्सा केन्द्र सम्झनु पर्छ ।

■(ञ४) "दुर्व्यसन" भन्नाले स्वीकृति प्राप्त चिकित्सकको सिफारिस अनुसारको मात्रा र परिमाण भन्दा बढी वा बिना सिफारिस लागू औषध सेवन गर्ने कार्यलाई सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

■ तेस्रो संशोधनद्वारा थप ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ट) “औषध नियन्त्रण अधिकारी” भन्नाले दफा २१ बमोजिम नेपाल सरकारले नियुक्ति गरेको 📖वा तोकेको अधिकारी सम्झनु पर्छ ।

(ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद–२

निषेध र नियन्त्रण

४. निषेध गरिएका कार्यहरुः कुनै पनि व्यक्तिले देहायका कार्यहरु गर्न हुँदैनः–

✂(क) गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्न,

*(ख) अफीम वा कोकाको खेती गर्न वा अफीम वा कोकाको पात वा अन्य लागू औषधको उत्पादन गर्न,

(ग) लागू औषधको निर्माण वा तैयारी गर्न,

(घ) लागू औषधको बिक्री वितरण गर्न,

(ङ) लागू औषधको निकासी वा पैठारी गर्न, र

*(च) लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने, र

📖(छ) गाँजा बाहेक अन्य लागू औषध सेवन गर्ने ।

तर,

---

📖 पहिलो संशोधनद्वारा थप ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(१) नेपाल [2]......... को पश्चिमी पहाडी भेगमा प्राकृतिक रुपमा आफै उम्रने जङ्गली गाँजाको बोटबाट तोकिएको समयसम्मको लागि चरेश उत्पादन गर्न, त्यस्तो चरेस सङ्ग्रह गर्न, राख्ने र खरिद बिक्री गर्ने सम्बन्धमा नेपाल सरकारले नियम बनाई व्यवस्था गर्न सक्नेछ र सो अनुसार अनुमतिपत्र प्राप्त गरी कसैले कुनै काम गर्दा यस दफा अन्तर्गत अपराध गरेको मानिने छैन ।

■ (१क) सिङ्गल कन्भेन्शन अन नार्कोटिक ड्रग्स, १९६१ मा परिभाषा गरिए बमोजिमका औषधि मध्ये लागू औषध तयार गर्न प्रयोग गरिने रासायनिक पदार्थ मुख्य औषध नियन्त्रण अधिकारीको अनुमतिले मात्र तोकिएको अनुपातमा आयात निर्यात, ओसारपसार, सञ्चय, बिक्री–वितरण र प्रयोग गर्न पाइनेछ ।

(२) प्रतिबन्धात्मक वाक्यांश (१) बमोजिम दिइने अनुमतिपत्रको तरिका, त्यस्तो अनुमतिपत्रको ढाँचा र शर्त अनुमतिपत्र दिने अधिकारी, त्यसमा लाग्ने दस्तुर, अनुमतिपत्र बमोजिम गरिने काम उपरको अरु नियन्त्रण र व्यवस्था तोकिए बमोजिम हुनेछ ।

🕮 स्पष्टीकरणः– यस दफाको खण्ड (ख), (ग), (घ), (ङ) र (च) को प्रयोजनका लागि "लागू औषध" भन्नाले गाँजालाई जनाउँने छैन ।

५. निषेध लागू नहुनेः यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरुले देहायका अवस्थामा लागू औषधको सेवन गर्न निषेध भएको मानिने छैनः–

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

■ तेस्रो संशोधनद्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) औषधोपचारको निमित्त स्वीकृत चिकित्सकको सिफारिसमा कुनै व्यक्तिले अनुमतिपत्र प्राप्त पसलबाट सिफारिस बमोजिमको मात्रामा लागू औषध खरिद गरी सेवन गर्न,

(ख) तोकिएको वर्गका व्यक्तिले तोकिएको मात्रामा लागू औषध सेवन गर्न ।

📖५क. <u>चिकित्सकको सिफारिसमा जनाउँनु पर्ने:</u> कुनै व्यक्तिले स्वीकृत चिकित्सकको सिफारिस लिई लागू औषध खरिद गर्न आएमा अनुमतिपत्र प्राप्त पसलले त्यस्तो व्यक्तिलाई चिकित्सकको सिफारिस बमोजिम लागू औषध बिक्री गरिसकेपछि बिक्री भएको कुरा चिकित्सकको सिफारिसमा जनाई दिनु पर्नेछ ।

❒५ख. <u>चिकित्सकको दायित्व:</u> चिकित्सकले कुनै व्यक्तिको निमित्त लागू औषध सिफारिस गर्नु पर्दा लागू औषध आवश्यक नपर्ने व्यक्तिलाई लागू औषध सिफारिस गर्न वा लागू औषध आवश्यक पर्ने व्यक्तिलाई पनि आवश्यकता भन्दा बढी मात्रामा लागू औषध सिफारिस गर्नु हुँदैन ।

६. <u>नेपाल सरकार बाध्य नहुने:</u> नेपाल सरकारले वा नेपाल सरकारबाट विशेष अनुमतिपत्र प्राप्त गरी नेपाल सरकारको पूर्ण निर्देशन र नियन्त्रणमा रही नेपाल सरकारको तर्फबाट कुनै संस्थाले औषधि वा वैज्ञानिक अनुसन्धानको प्रयोजनको लागि कुनै लागू औषधको खेती गर्न, तयार गर्न, उत्पादन गर्न, निर्माण गर्न वा निकासी पैठारी गर्न वा स्वीकृत चिकित्सकको सिफारिस बमोजिम कसैलाई लागू औषध बिक्री गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

७. <u>वारेण्ट जारी गर्ने अधिकारी:</u> यस ऐन अन्तर्गत सजाय हुने अपराध कसैले गरेको छ वा गर्न लागेको छ भन्ने विश्वास पर्ने कारण भएमा त्यस्तो व्यक्तिको गिरफ्तारी र खानतलासीको निमित्त औषध नियन्त्रण अधिकारीले वारेण्ट जारी गर्न सक्नेछ, औषध नियन्त्रण अधिकारीले कुनै घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा त्यस्तो अपराधसित सम्बन्धित कुनै व्यक्ति

---

📖 पहिलो संशोधनद्वारा थप ।

❒ दोस्रो संशोधनद्वारा थप ।

लुकेको छ वा कुनै लागू औषध राखिएको छ भन्ने आफूलाई विश्वास भएमा त्यस्तो घर, जग्गा, सवारी वा ठाउँको खानतलासी गर्नको निमित्त आदेश जारी गर्न सक्नेछ ।

८. बिना वारेन्ट प्रवेश खानतलासी, कब्जा र गिरफ्तार गर्ने अधिकारः (१) यस ऐन अन्तर्गतको कुनै अपराध कुनै घर, जग्गा, सवारी वा ठाउँमा भइराखेको छ र तुरुन्तै केही कारबाही नगरेमा अपराधी भागी जाने वा अपराधको प्रमाण गायब हुने सम्भावना देखेमा औषध नियन्त्रण अधिकारी ■वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जा सम्मको प्रहरी कर्मचारीले सो कुराको पर्चा खडा गरी जुनसुकै बखत देहायका कामहरु गर्न सक्नेछः–

(क) त्यस्तो घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्नु,

(ख) त्यसरी प्रवेश गर्दा कुनै बाधा विरोध भएमा ढोका फोरी प्रवेश गर्न वा त्यस्तो बाधा विरोध हटाउन आवश्यक कारबाही गर्ने,

(ग) अपराधसित सम्बन्धित लागू औषध र अन्य सामानहरु तथा प्रमाणको लागि काम लाग्ने जुनसुकै कागजपत्र कब्जा गर्ने, र

(घ) अपराध गरेको भनी शङ्का लागेको जुनसुकै व्यक्तिलाई रोक्न, खानतलासी लिन र आवश्यक देखेमा निजलाई गिरफ्तार समेत गर्ने ।

(२) उपदफा (१) बमोजिम कुनै घर जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलासी गर्दा समयले भ्याएसम्म सम्बन्धित 卐नगरपालिका वा ◎गाउँपालिकाको सदस्य वा त्यस ठाउँको एकजना भलाद्मी वा कुनै अर्को सरकारी कार्यालयका एकजना कर्मचारीलाई साक्षी राखु पर्नेछ ।

■ तेस्रो संशोधनद्वारा थप ।

卐 केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

■तर नगरपालिका वा ◎गाउँपालिका वा वडा समितिका सदस्य वा त्यस ठाउँका भलाद्मी वा कुनै अर्को सरकारी कार्यालयका कर्मचारीको रोहबरमा मुचुल्का तयार गर्ने प्रयास गर्दा पनि त्यस्ता व्यक्तिहरु उपलव्ध नभएको उचित आधार भएमा कम्तीमा दुईजना औषध अनुसन्धान अधिकारी वा कम्तीमा दुईजना प्रहरी सहायक निरीक्षक दर्जासम्मको कर्मचारीको रोहबरमा मुचुल्का तयार गर्न सकिनेछ ।

■८क. आर्थिक कारोबारको विवरण माग गर्न सक्ने: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति, संघसंस्था, फर्म, कम्पनी वा अन्तर्राष्ट्रिय सङ्गठनले लागू औषधको अवैध कारोबार गरेको छ भन्ने विश्वसनीय आधार भएमा औषध नियन्त्रण अधिकारीले त्यस्तो व्यक्ति, फर्म, संघ संस्था, कम्पनी वा अन्तर्राष्ट्रिय सङ्गठनको नाममा कुनै बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको रकम लागू औषधको अवैध कारोबारमा प्रयोग हुने देखिएमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित बैङ्क वा वित्तीय संस्थालाई त्यस्तो रकम रोक्का राख्न आदेश दिन सक्नेछ ।

९. गिरफ्तारी र कब्जाको प्रतिवेदन दिनु पर्ने: यस ऐन अन्तर्गत कसैलाई गिरफ्तार गरेको वा कुनै व्यक्ति, घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँको खानातलासी गरेको वा लागू औषध वा उक्त सामान कब्जा गरेकोमा औषध नियन्त्रण अधिकारीले त्यस्तो प्रतिवेदन आफूभन्दा एक तह माथिको अधिकारी समक्ष सो गिरफ्तारी, खानतलासी वा सामान कब्जा गरेको चौबीस घण्टाभित्र पठाउनु पर्नेछ ।

■९क. गोप्यता कायम राखी दिनु पर्ने: लागू औषध सम्बन्धी मुद्दामा संलग्न कुनै कागजपत्र वा व्यक्तिको नाम गोप्य राख्न मुद्दा पेश गर्ने पक्षले माग गरेमा माग बमोजिमको अवधिभरका लागि मुद्दा हेर्ने अधिकारीले त्यस्तो कागजपत्र वा व्यक्तिको नाम गोप्य राखी दिनु पर्नेछ ।

■ तेस्रो संशोधनद्वारा थप ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१०. गिरफ्तार गरिएको व्यक्ति र कब्जा गरिएको सामान मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेः यस ऐन अन्तर्गत औषध नियन्त्रण अधिकारीले गिरफ्तार गरिएको व्यक्ति र कब्जा गरेको सामानहरु बाटोको म्याद बाहेक गिरफ्तार वा कब्जा गरिएको चौबीस घण्टा भित्र *मुद्दा हेर्ने अधिकारी कहाँ उपस्थित र दाखिल गर्नु पर्नेछ ।

■१०क. कुनै कुरा टेप गर्न वा सेन्सर गर्न सक्नेः लागू औषधको अनुसन्धानको सिलसिलामा औषध नियन्त्रण अधिकारीले मुद्दा अनुसन्धान गर्ने वा हेर्ने अधिकारीबाट आदेश भएमा लागू औषधसँग सम्बन्धित कुनै व्यक्तिको टेलिफोन, टेलेक्स, फ्याक्स, जस्ता इलेक्ट्रोनिक प्रविधिहरुको टेप गर्न, प्रतिलिपि लिन वा फोटो खिच्न र कुनै चिठ्ठी–पत्र, पार्सल, डकुमेण्ट जस्ता हुलाकबाट प्राप्त हुने कुनै पनि कागजपत्रको सेन्सर गर्न सक्नेछ ।

⌘११. औषध नियन्त्रण अधिकारीले लागू औषध नष्ट गर्ने आदेश दिन सक्नेः औषध नियन्त्रण अधिकारीले देहायका लागू औषध नष्ट गर्न आदेश दिन सक्नेछः–

(क) यस ऐन विपरीत कुनै जग्गामा खेती भइरहेको गाँजा, अफीम र कोका,

(ख) दफा ४ बमोजिम छुट भएका क्षेत्रमा बाहेक अन्यत्र आफै उम्रिराखेको गाँजा, अफीम र कोका,

(ग) बेवारिसी अवस्थामा फेला गरेका कुनै लागू औषध, र

(घ) यस ऐन अन्तर्गतका कसूर सम्बन्धी मुद्दा अदालतमा दायर हुन नसक्ने अवस्था परेमा सो कसूरसित सम्बन्धित लागू औषध ।

▶११क. लागू औषध सम्बन्धी मुद्दामा अदालतबाट म्याद थप भएपछि लागू औषध नष्ट गर्नु पर्नेः कुनै व्यक्तिबाट लागू औषध बरामद भएपछि औषध

---

* पहिलो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

⌘ दोस्रो संशोधनद्वारा संशोधित ।

नियन्त्रण अधिकारीले लागू औषधको प्रत्येक पोकाबाट प्रहरी सहायक निरीक्षक र मुद्दा हेर्ने अधिकारीले खटाएको एकजना कर्मचारीको रोहबरमा बढीमा तीन ग्रामसम्म लागू औषध प्रत्येक पोकाबाट स्याम्पल लिई परीक्षणको लागि पठाउने, लागू औषधको प्रकृति छुट्याउन लागू औषध मुद्दाको अनुसन्धान अधिकारीले त्यस्तो लागू औषधको स्याम्पल नमूनाका लागि राख्ने र अदालतमा त्यस्तो मुद्दा म्याद थपका लागि पेश भएपछि अदालतले प्रत्येक पोकाबाट बढीमा तीन ग्राम लागू औषधको नमूना राखी बाँकी लागू औषध सम्बन्धित जिल्ला अदालतको प्रतिनिधि, स्थानीय जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि र स्थानीय नगरपालिका वा ◎<u>गाउँपालिका</u>को प्रतिनिधि समेतको रोहबरमा मुद्दा म्याद थपका लागि अदालतमा पेश भएको पन्ध्र दिनभित्र नष्ट गर्नु पर्नेछ ।

▶११ख. <u>लागू औषध नष्ट गरेको लगत राख्नु पर्नेः</u> दफा ११ र ११क. बमोजिम लागू औषध नष्ट गर्दा सम्बन्धित अधिकारीले लागू औषधको किसिम र परिमाण सम्बन्धी लगत राख्नु पर्नेछ ।

❐११ग. <u>औषधि बनाउनको लागि नेपाल सरकारले लागू औषध उपलब्ध गराउन सक्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम जफत वा कब्जा गरिएको लागू औषधमध्ये गाँजा र अफीम नेपाल सरकारले उपयुक्त देखेमा औषधि बनाउने प्रयोजनको लागि कुनै औषधि बनाउने निकायलाई आवश्यक परिमाणमा उपलब्ध गराउन सक्नेछ ।

■११घ. <u>प्रमाणको रुपमा पेश गर्न सकिनेः</u> (१) लागू औषध अनुसन्धानको सिलसिलामा विदेशमा सङ्कलन गरेको कुनै पनि किसिमका कागजातहरु प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न सकिनेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा थप ।



कानून तथा न्याय मन्त्रालय

(२) लागू औषधको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले भिडियो टेप, क्यासेट टेप र अन्य कुनै पनि किसिमका फोटोहरु प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न सक्नेछ ।

१२. प्रमाणको भार: कुनै व्यक्तिका साथमा कुनै लागू औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफीम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागू औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागू औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेश बमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेश गर्नु पर्नेछ । त्यस्तो प्रमाण पेश गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐन अन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ ।

१३. ➔ ..........

परिच्छेद–३

दण्ड सजाय

▶१४. दण्ड सजाय: (१) ➢दफा ४ अन्तर्गत निषेध गरिएका कार्य गर्ने व्यक्तिलाई अपराधको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछ:–

(क) गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना ।

तर चिकित्सा केन्द्रमा एक महिनासम्म उपचार गराउने गरी जिम्मा लिने व्यक्ति वा संस्थाले कागज गरी दिएमा त्यस्तो व्यक्तिको सम्बन्धमा पन्ध्र, पन्ध्र

---

➔ दोस्रो संशोधनद्वारा खारेज ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

दिनमा उक्त चिकित्सा केन्द्रबाट उपचार गराई रहेको प्रतिवेदन पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सजाय नगर्न सक्नेछ ।

(ख) पच्चीस वटा बोटसम्म गाँजाको खेती गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना ।

(ग) पच्चीस वटा बोट भन्दा बढी गाँजाको खेती गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना ।

(घ) गाँजा उत्पादन, तयारी, खरिद, बिक्री वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने व्यक्तिलाईः–

(१) पचास ग्रामसम्मको भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना ।

(२) पचास ग्राम देखि पाँचसय ग्रामसम्मको भए एक महिना देखि एक वर्षसम्म कैद र एक हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म जरिबाना ।

(३) पाँचसय ग्राम देखि दुई किलोग्रामसम्मको भए छ महिना देखि दुई वर्षसम्म कैद र दुई हजार रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिबाना ।

(४) दुई किलोग्राम देखि दश किलोग्रामसम्मको भए एक वर्ष देखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना ।

(५) दश किलो ग्राम देखि माथि जति सुकै भएपनि दुई वर्ष देखि दश वर्षसम्म कैद र पन्ध्र हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबाना ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) अफीम, कोका वा सोबाट बनेको लागू औषधको सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना ।

तर चिकित्सा केन्द्रमा तीन महिनासम्म उपचार गराउने गरी जिम्मा लिने व्यक्ति वा संस्थाले कागज गरी दिएमा पन्ध्र, पन्ध्र दिनमा चिकित्सा केन्द्रबाट उपचार गराई राखेको जानकारी पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सजाय नगर्न सक्नेछ ।

(च) अफीम वा कोकाको खेती गर्ने व्यक्तिलाईः–

(१) पच्चीस बोटसम्म भए एक वर्ष देखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना ।

(२) पच्चीस बोटभन्दा माथि जतिसुकै भएपनि तीन वर्ष देखि दश वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना ।

(छ) अफीम, कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाईः–

(१) पच्चीस ग्रामसम्मको कारोबार गर्नेलाई पाँच वर्ष देखि दश वर्षसम्म कैद र पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना ।

(२) पच्चीस ग्राम देखि एकसय ग्राम सम्मको कारोबार गर्नेलाई दश वर्ष देखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रुपैयाँ देखि दुई लाख रुपैयाँसम्म जरिबाना ।

(३) एक सय ग्राम देखि माथि जतिसुकै परिमाणको कारोबार गर्नेलाई पन्ध्र वर्ष देखि जन्म कैद र पाँच

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

लाख रुपैयाँ देखि पच्चीस लाख रुपैयाँसम्म जरिबाना ।

(ज) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्वीपक पदार्थ (साइकोट्रपिक सब्स्टान्स) र तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यसन गर्ने व्यक्तिलाई दुई महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय ।

तर चिकित्सा केन्द्रमा तीन महिनासम्म उपचार गराउने गरी त्यस्तो दुर्व्यसनीलाई जिम्मा लिने कुनै व्यक्ति वा संस्थाले कागज गरी दिएमा त्यस्तो चिकित्सा केन्द्रबाट उपचार गराई राखेको जानकारी पन्ध्र, पन्ध्र दिनमा पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सजाय नगर्न सक्नेछ ।

(झ) माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्ष देखि दश वर्षसम्म कैद र एकलाख रुपैयाँ देखि बीस लाख रुपैयाँसम्म जरिबाना ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "अपराधको मात्रा" भन्नाले लागू औषधको प्रकृति, परिमाण, सञ्चय, खरिद, बिक्री, ओसारपसार वा निकासी पैठारीको उद्देश्य, अभियुक्तको गिरोह वा सङ्गठन, अभियुक्तहरुले प्रयोग गर्ने हातहतियार वा बलको प्रयोग तथा नाबालकलाई आपराधिक कार्यमा गराइएको संलग्नता, शैक्षिक, सामाजिक र साँस्कृतिक सङ्गठन जस्ता संस्थालाई माध्यम बनाई गरिएको कारोबार, सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदको दुरुपयोग गरी गरिएको कारोबारको आधारमा निर्धारण गरिने अपराधको मात्रा सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) ✂दफा ५क र ५ख. को बर्खिलाप काम गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

१५. आफ्नो घर, जग्गा वा सवारीमा निषेध गरिएको काम गर्न अनुमति दिनेलाई सजायः कुनै घर, जग्गा वा सवारीको धनीले वा त्यसको भोग चलन गर्ने व्यक्तिले जानी जानी त्यस्तो घर, जग्गा वा सवारीमा दफा ४ अन्तर्गत निषेध गरिएको कुनै कार्य गर्न अनुमति दिएमा निजलाई छ महिना देखि पाँच वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ । घर, जग्गा वा सवारी धनीले नै अपराध गरेकोमा वा अपराध गर्न अनुमति दिएकोमा त्यस्तो घर, जग्गा वा सवारी समेत जफत हुन सक्नेछ ।

१६. बारम्बार अपराध गर्नेलाई थप सजायः यस ऐन अन्तर्गत एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यसै ऐन अन्तर्गत अपराध गरेमा निजलाई त्यस्तो पछिल्लो प्रत्येक पटकको निमित्त सजायमा थप पाँच वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

१७. अपराध गर्न षडयन्त्र गर्ने, उद्योग गर्ने, दुरुत्साहन गर्ने र मतियार हुनेलाई सजायः यस ऐन अन्तर्गत सजाय हुने अपराध गर्ने, षड्यन्त्र वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरुलाई दुरुत्साहन गर्ने वा त्यस्तो अपराध गर्नमा मतियार हुने व्यक्तिलाई सोही अपराध गरे बापत हुने सजायको आधी सजाय हुनेछ ।

■१७क. लागू औषधको विश्वास पारी अन्य पदार्थको कारोबार गर्नेलाई सजायः लागू औषध बाहेकको अन्य कुनै पदार्थलाई लागू औषध भन्ने विश्वासमा पारी त्यस्तो कारोबार, बेचबिखन, निकासी पैठारी, सञ्चय, उत्पादन समेतको कार्य गर्ने व्यक्ति वा गिरोहलाई सो अपराध गरे बापत हुने सजायको आधा सजाय हुनेछ ।

■१७ख. लागू औषधसँग सम्बन्धित विवरण वा लिखत नदिनेलाई सजायः लागू औषधको विवरण लिने सिलसिलामा औषध नियन्त्रण अधिकारी वा अनुसन्धान अधिकारीले कुनै व्यक्ति, संघसंस्था वा सङ्गठनसँग माग गरेको

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

कुनै विवरण वा लिखत नदिएमा त्यस्तो व्यक्ति, संघसंस्था वा सङ्गठनलाई सोही अपराध गरे बापत हुने सजायको आधा सजाय हुनेछ ।

१८. <u>अपराधसित सम्बन्धित मालसामान जफत हुने:</u> यस ऐन अन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागू औषध तथा त्यस्तो लागू औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै मालसामान तथा यन्त्रहरु जफत हुनेछन् र त्यस्तो लागू औषध राखी ओसार पसार गर्न प्रयोग गरिएका रेल तथा हवाईजहाज बाहेक जुनसुकै सवारी समेत जफत हुनेछ ।

तर सो सवारी त्यस्तो अपराध गर्न प्रयोग गरिने वा गरिएको कुरा सवारी धनीलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेश गर्न सकेमा भने त्यस्तो सवारी जफत गरिने छैन ।

❒१८क. <u>सम्पत्ति जफत हुने:</u> (१) दफा ४ को खण्ड (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गत निषेध गरिएको कुनै कार्य गरी आर्जन गरेको सबै चल तथा अचल सम्पत्ति जफत हुनेछ ।

(२) दफा ४ को खण्ड (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरीतको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भए तापनि सो सम्पत्ति समेत जफत हुनेछ ।

■(३) उपदफा (१) र (२) बमोजिम कसैले सम्पत्ति जफत हुन सक्ने अपराध गरेको छ भन्ने मनासिब कारण भएमा औषध नियन्त्रण अधिकारीबाट त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का गर्न लेखी आएमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो सम्पत्ति रोक्का राखी दिन सक्नेछ ।

---

❒ दोस्रो संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा थप ।

▶१८ख. <u>सूचना दिने व्यक्तिलाई पुरस्कार दिइने</u>ः लागू औषधको कारोबार वा प्रयोगका सम्बन्धमा औषध नियन्त्रण अधिकारीलाई जानकारी दिने व्यक्तिलाई त्यसरी जानकारी दिएको कुराबाट कसूर प्रमाणित भई अभियुक्तलाई सजाय भएमा त्यस्तो सजाय बापत कुनै जरिबाना भएको भए त्यस्तो जरिबानाको बीस प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ । त्यसरी पुरस्कार पाउने व्यक्तिको नाम गोप्य राखु पर्नेछ ।

▶१८ग. <u>सजायमा छुट हुने</u>ः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत सजाय हुने कुनै लागू औषधको कारोबारमा स्वयं संलग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाइदिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा संलग्न भएपनि यस ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा सजायमा छुट हुने गरी अभियोगपत्रमा माग दावी भएमा मुद्दा हेर्ने अधिकारीले पनि सोही अनुसार सजायमा छुट दिन सक्नेछ ।

▶१८घ. <u>कर्मचारीलाई पुरस्कार दिने</u>ः कुनै व्यक्तिलाई लागू औषधको कारोबारमा मुद्दा हेर्ने अधिकारीबाट दण्ड र जरिबाना भएपछि त्यस्तो जरिबानाको बीस प्रतिशत रकम लागू औषध नियन्त्रण र अनुसन्धान कार्यमा संलग्न कर्मचारीलाई नेपाल सरकारले पुरस्कार स्वरुप दिन सक्नेछ ।

▶१८ङ. <u>चिकित्सा केन्द्रलाई जरिबानाको केही रकम उपलव्ध गराउने</u>ः कुनै व्यक्तिलाई लागू औषधको कारोबारमा दण्ड र जरिबाना भएमा त्यस्तो जरिबानाको बीस प्रतिशत रकम उपचार केन्द्रलाई प्रदान गरिनेछ । त्यस्तो चिकित्सा केन्द्र एकभन्दा बढी भएमा त्यस्तो जरिबानाको रकमको बाँडफाँड मुख्य औषध नियन्त्रण अधिकारीले गर्नेछ ।

१९. <u>मुद्दा नचलाउने वा सजाय छुट दिने अधिकार</u>ः कसैले व्यापारिक उद्देश्य वा ठूलो परिमाणमा बाहेक निजी उपयोगको लागि अल्पमात्रामा मात्र *<u>गाँजा र औषधोपयोगी अफीम</u> खरिद गरेको, राखेको वा सेवन गरेको फेला परेमा पहिला पटक भए औषध नियन्त्रण अधिकारीले त्यस्तो

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

व्यक्तिको लगत राखी त्यस्तो अपराध पुनः नगर्ने कागज गराई मुद्दा नचलाउने पर्चा खडा गरी छाड्न सक्नेछ र मुद्दा चलेकोमा पनि अदालतले यस दफा बमोजिम सानो अपराध ठहराएमा त्यस्तो व्यक्तिको लगत राखी निजलाई सो अपराध पुनः नगर्ने कागज गराई पहिला पटक कुनै सजाय नगरी रिहाई दिन सक्नेछ ।

❐१९क. उपचारको अवस्थामा रहेकोमा कारबाही नहुने: (१) दफा १४ को उपदफा (१) को खण्ड (क) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागू औषधको दुर्व्यसनको उपचार तथा पुनस्थापनको लागि नेपाल सरकारबाट स्थापना भएको वा नेपाल सरकारबाट मान्यता प्राप्त कुनै उपचार तथा पुनस्थापन केन्द्रमा उपचारको अवस्थामा रहेको लागू औषध सेवन गर्ने व्यक्ति यस ऐन बमोजिम सजायको भागी हुने छैन ।

(२) उपदफा (१) मा उल्लेख भएका केन्द्रहरुमा उपचार गराई रहेका व्यक्तिहरुको सम्बन्धमा सम्बन्धित अधिकारीले नेपाल सरकारले तोकेको ढाँचामा उपचार सम्बन्धी विवरणहरु सम्बन्धित उपचार तथा पुनस्थापन केन्द्रबाट प्राप्त गरी साप्ताहिक तथा मासिक रुपमा प्रतिवेदन तयार गरी राख्नु पर्नेछ ।

२०. पूर्व इजाजतपत्र बमोजिम बाँकी रहेको लागू औषधको स्टक सम्बन्धी विशेष व्यवस्था: मादक पदार्थ ऐन, २०१७ र मादक पदार्थ नियमहरु, २०१९ अनुसार प्राप्त इजाजतपत्र बमोजिम यो ऐन लागू हुँदा कसैसँग बाँकी रहेको लागू औषधको स्टक तोकिएको म्यादभित्र औषध नियन्त्रण अधिकारी छेउ दाखिल गर्नु पर्नेछ ।

२१. औषध नियन्त्रण अधिकारी र औषध नियन्त्रण प्रशासनको व्यवस्था: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले ⇆गृह मन्त्रालय अन्तर्गत औषध नियन्त्रण प्रशासनको स्थापना गर्नेछ र आवश्यकता अनुसार मुख्य औषध नियन्त्रण अधिकारी, एक वा बढी औषध

---

❐ दोस्रो संशोधनद्वारा थप ।

⇆ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।

नियन्त्रण अधिकारी, नायब औषध नियन्त्रण अधिकारी तथा अन्य अधिकारीहरु *नियुक्त गर्न वा तोक्न सक्नेछ ।

▶(२) उपदफा (१) बमोजिम स्थापित भएको औषध नियन्त्रण प्रशासनको प्रमुखको रुपमा मुख्य औषध नियन्त्रण अधिकारी रहनेछ र यस ऐन अन्तर्गत मुख्य औषध नियन्त्रण अधिकारीले लागू औषध नियन्त्रण सम्बन्धी काम कारबाहीको रेखदेख, नियन्त्रण, निर्देशन र समन्वय गर्नेछ ।

■(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लागू औषध कारोबार वा प्रयोग गर्ने व्यक्तिलाई त्यस्तो कारोबार वा प्रयोगमा सहयोग पुऱ्याउने उद्देश्यले कुनै सरकारी कर्मचारीले घूस लिए खाएको ठहरेमा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनले हुने सजायको अतिरिक्त लागू औषध कारोबार वा प्रयोगमा संलग्न हुने व्यक्तिलाई हुने सजायको आधा सजाय समेत हुनेछ ।

🕮२१क. मुद्दा हेर्ने अधिकारी र पुनरावेदन: (१) दफा ४ को खण्ड (क) सम्बन्धी कसूर बाहेक यस ऐन अन्तर्गतको अन्य कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐन अन्तर्गतको मुद्दामा कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि तथा अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) अन्तर्गतको अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने व्यक्तिले उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

* पहिलो संशोधनद्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।

■२१ख. अनुसन्धान अधिकारीको काम, कर्तव्य र अधिकारः (१) लागू औषध नियन्त्रण कार्यमा खटिने अनुसन्धान अधिकारीलाई लागू औषधको सिलसिलामा अनुसन्धान गर्नु पर्दा प्रचलित कानून अनुसार प्रहरीलाई भए सरहको अधिकार प्राप्त हुनेछ ।

(२) लागू औषधको कारोबारको सिलसिलामा अनुसन्धान गर्दा त्यस्तो लागू औषधको कारोबारमा सन्दिग्ध देखिएको कुनै व्यक्तिको मालसामान खानतलासी गर्न प्रचलित भन्सार ऐन अनुसार भन्सार अधिकृतलाई भए सरहको अधिकार अनुसन्धान अधिकारीलाई प्राप्त हुनेछ ।

तर खानतलासी गर्नु अघि अनुसन्धान अधिकारीले सम्बन्धित व्यक्तिलाई खानतलासीको पुर्जी दिनु पर्नेछ ।

(३) लागू औषध अनुसन्धानको सिलसिलामा सन्दिग्ध देखिएको हुलाकबाट प्राप्त हुने कुनै वस्तुको सेन्सर गर्न प्रचलित हुलाक ऐन अनुसार हुलाक अधिकृतलाई भए सरहको अधिकार अनुसन्धान अधिकारीलाई प्राप्त हुनेछ ।

■२१ग. वैज्ञानिक उपकरण तथा हातहतियार साथमा लिई हिँड्न सक्नेः लागू औषध अनुसन्धान कार्यमा संलग्न रहने अधिकारी तथा लागू औषध नियन्त्रणसँग सम्बद्ध कर्मचारीहरुलाई अनुसन्धान एवं नियन्त्रणको सिलसिलामा आवश्यक पर्ने वैज्ञानिक उपकरण, सञ्चार साधन तथा हातहतियार र सो हातहतियारमा प्रयोग हुने खरखजाना आफ्नो साथमा लिई हिँड्न र प्रयोग गर्न पाउने अधिकार हुनेछ ।

२२. सरकार वादी हुनेः यस ऐन अर्न्तगतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा ƒमुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

२२क. ➔ ..........

---

■ तेस्रो संशोधनद्वारा थप ।

ƒ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

■२२ख. <u>असल नियतले गरेको काममा सजाय नहुनेः</u> यो ऐन बमोजिम असल नियतले गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा कुनै सरकारी कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारबाही हुने छैन ।

■२२ग. <u>म्याद थप सम्बन्धी व्यवस्थाः</u> लागू औषध अनुसन्धानको सिलसिलामा पक्राउ परेका व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले एक पटकमा एक महिनामा नबढाई बढीमा तीन महिनासम्म प्रहरी हिरासतमा राख्न म्याद थप गर्न सक्नेछ ।

२३. <u>यो ऐन प्रारम्भ हुनुभन्दा अघिको मुद्दा सम्बन्धी व्यवस्थाः</u> यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल लागू रहेको नेपाल कानून बमोजिम चलेको वा चल्ने लागू औषध सम्बन्धी मुद्दाहरुमा सोही कानून अन्तर्गतका मुद्दा हेर्ने अधिकार प्राप्त अधिकारीले कारबाही र किनारा गर्नेछ ।

🕮२३क. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को खण्ड (क) को उपखण्ड (७) बमोजिम तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्वीपक पदार्थ र तिनका लवणहरुका सम्बन्धमा औषधि सम्बन्धी ग्रन्थ (फर्माकोपिया) हरुमा तोकिएको नाम र परिमाणका टेवलेट, क्याप्सुल, इन्जेक्शन जस्ता फर्मास्यूटिकल बनोटका औषधिको उत्पादन, बिक्री वितरण, निकासी पैठारी, सञ्चय र सेवन औषधि ऐन, २०३५ बमोजिम हुनेछ ।

तर त्यस्ता लागू औषध र मनोद्वीपक पदार्थहरुका कच्चा पदार्थ (कोरा रसायन) हरुको उत्पादन, बिक्री वितरण, निकासी पैठारी, सञ्चय र सेवनको सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ ।

२४. <u>नियम बनाउने वा आदेश जारी गर्ने अधिकारः</u> यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन वा आदेश जारी गर्न सक्नेछ ।

---

➔ दोस्रो संशोधनद्वारा खारेज ।

■ तेस्रो संशोधनद्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।

२५. खारेजीः मादक पदार्थ ऐन, २०१७ र मादक पदार्थ नियमहरु, २०१९ खारेज गरिएका छन् ।

---

द्रष्टव्यः- (क) लागू औषध (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०४३ को दफा १२ निम्न बमोजिम छः-

१२. मुद्दा सर्नेः यो ऐन प्रारम्भ हुनुभन्दा अगावै कुनै अदालतमा दायर भई कारवाही भइरहेका दफा ४ को खण्ड (क) अन्तर्गतका कसूर सम्बन्धी मुद्दाहरु जिल्ला अदालतमा र सो बाहेक यस ऐन अन्तर्गतका अन्य दफा २१क. को उपदफा (१) अन्तर्गतको अदालतमा सर्नेछन् ।

(ख) रुपान्तरः-

(१) विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तर भएका शब्दहरुः-
"विशेष अदालत ऐन, २०३१" को सट्टा "विशेष अदालत ऐन, २०५९" ।

(२) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा रुपान्तर भएका शब्दहरुः-
"सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७" को सट्टा "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" ।

(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(४) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

(५) केही नेपाल कानून संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल कानून संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधन भएका शब्दहरुः-
"सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को अनुसूची-१" को सट्टा
"मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनूसूची-१"



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय